# रामग्राम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी

लुम्बिनी प्रदेश, नेपाल

## सटर बहालमा लगाउने सम्बन्धी सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति २०८१/४/३०

रामग्राम नगरपालिका नगरकार्यपालिकाको कार्यालयको मातहतमा रहेको देहायका सटरहरु भाडामा लगाउन बढाबढ प्रक्रिया व्दारा ठेक्का गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति/फर्महरुले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही रितपूर्वक शिलबन्दी निवेदन पेश गर्नका लागि यो सात (१५) दिने सूचना सम्बन्धित सबैका लागि प्रकाशित गरिएको छ ।

शर्तहरु :

१.इच्छुक निवेदकले सूचना प्रकाशित भएको मितिले १५औं दिन कार्यालय समय भित्र निवेदन नगरपालिकामा दर्ता गरि सक्नुपर्ने छ । दर्ता भएको निवेदन १६औं दिन कार्यालयका प्रतिनिधिहरुको रोहवरमा दिनको ४:०० बजे खोलिने छ । निवेदन खोल्दा , निवेदन दाता वा निजको प्रतिनिधि उपस्थित नभए निवेदन खोल्न बाधा पर्ने छैन् ।

२. शिलबन्दी निवेदन दाखिला गर्ने  र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिन निवेदन दाखिला गर्न र खोल्न सकिनेछ ।

३. व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि र फर्मको हकमा प्रोपाईटरको नेपाली नागरिकता को प्रमाण पत्रको प्रतिलिपि, फर्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा आ.व. २०७९/२०८० सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

४. शिलबन्दी निवेदनको खाम बाहिर रामग्राम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाम सम्बोधन गरी सम्बन्धित सटर (पसल घर) को कोठा नं. स्पष्ट रुपमा उल्लेख गरिनुको साथै निवेदकले पनि आफ्नो नाम र ठेगाना उल्लेख गरि पेश गर्नुपर्ने छ ।

५. निवेदनले पेश गरेका कबोल अंक र अक्षरमा उल्लेख गरि पेश गर्नु पर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको लाई मान्यता दिइने छ।

६. पेश भएको निवेदन स्वीकृत गर्ने वा नगर्ने, कुनै कारण जनाई वा नजनाई सूचना नै रद्द गर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।

७. म्याद नाघी आएको रित नपुगेको, शर्त राखिएको निवेदन उपर कुने कारवाही गरिने छैन्

८.निवेदकले सम्झौता गर्दा आफुले कबोल गरेको रकमको ६ महिनाको बहाल रकम बराबर को धरौटी वापत एकमुष्ठ बुझाउनु पर्ने छ ।

९. सटर कोठाको बहाल रकम संझौता भएको मिति देखि २/२ वर्षमा बहाल रकममा १० प्रतिशतले स्वतः वृद्धि हुनेछ ।

१०. घर बहाल -भाडा) मा लिई सकेपछि नेपाल सरकारलाई बुझाउनु पर्ने बहाल कर र अन्य कर सम्बन्धि बहाल लिनेले बुझाउनु पर्ने छ ।

११. सटरहरुको बहाल सम्झौता समयावधी ५ वर्ष सम्मको हुने छ ।

बहादुर कुवँर

अधिकृत

# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी
लुम्बिनी प्रदेश, नेपाल

१२. यस सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालय समयमा राजश्व उपशाखामा सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिने छ।

तपसिल:

| ब्लक नं. | कोठा संख्या | मासिक न्युनतम बहाल रकम (कर बाहेक) |
|---|---|---|
| १ (A) परासी भुमही सडक दक्षिण मोहडा माथिल्लो तल्ला | १ देखि ६ सम्म | १५००।०० |
| १ (B) परासी भुमही सडक उत्तर मोहडा तलको तल्ला | १ देखि ६ सम्म | १५००।०० |
| २ (A) हाटबजार फिल्ड भित्रको दक्षिण मोहडा | १ देखि १५ सम्म | १०००।०० |
| २ (B) हाटबजार फिल्ड भित्रको उत्तर मोहडा | १ देखि १५ सम्म | १०००।०० |
| ३ (C) हाटबजार फिल्ड भित्रको उत्तर मोहडा | १ देखि ७ सम्म | १०००।०० |
| ४ (D) हाटबजार फिल्ड भित्रको उत्तर मोहडा | १ देखि ७ सम्म | १०००।०० |

यम बहादुर कुवँर
प्रमुख प्रशासकीय अधिकृत